**कहिले पूरा होला महिला योद्धाहरूको चाहना ?**
**–शंकर खरेल**

'यदि महिलाको सक्रियता नहुँदो हो त नेपालमा प्रजातन्त्र आउँदैनथ्यो, प्रजातन्त्रका लागि लडेका महिलाको हकहितका लागि सरकारले विभिन्न कार्यक्रमहरू ल्याएको छ ।' प्रजातन्त्र प्राप्तिको झण्डै आठ वर्ष सरकारको नेतृत्व सम्हालेका गिरिजाप्रसाद कोइरालाको भनाइ हो यो । के उहाँले भनेजस्तै नेपाली महिलाको हितका लागि काम भए त ?

थोरै संख्याले मात्र राज्यको सुविधा भोग्न पाए वा राजनीतिक, कर्मचारीतन्त्र, न्यायपालिका र स्थानीय निकायमा आफ्नो सहभागिता देखाए । जुन संख्यालाई हेर्दा बहुसंख्यक महिला अझै पनि घरकेन्द्रित अवस्थामा रहेको देख्न सकिन्छ ।

केही उदाहरणले पनि यसको पुष्टि गर्छ । महिला अधिकारका नारा उठ्नासाथ उहाँका आँखा रसाउँछन् । तपतप गरेर आँसु झरिरहे । होइन, कसैले केही गरेनन् साह्रै दुःख लाग्यो, च्यातिएको पुरानो पटुकी झिकेर आँसु पुछ्दै उहाँले भन्नुभयो । उहाँको यो भनाइ सन्तान वा राज्यले हेरेनन् भन्ने कदापि थिएन ।

प्रत्येक महिलासम्बन्धी कार्यक्रममा नेताहरूले प्रजातन्त्र प्राप्तिपछि महिलाको हकहित भएको दाबी गर्दै आए पनि यथार्थमा ८० प्रतिशत महिला अझ पनि दयनीय अवस्थामा रहेको तथ्यांक राष्ट्रिय जनगणनाले देखाइसकेको छ ।

प्रजातन्त्रको लडाइँमा आफ्नो ज्यानको आहुती दिने धेरै प्रजातन्त्रवादी महिला अहिले ओझेलमा परेका छन् । लीलादेवी शर्मा प्रजातन्त्रले बिर्सिएको एक पात्र हुन् । उहाँलाई अहिले सबैले बिर्सिएका छन् । कडा सुरक्षाका बाबजुद पनि विराटनगरमा राजा महेन्द्रसँग प्रजातन्त्रको माग गर्ने उहाँको नाम शायद अहिलेका नेताहरूलाई थाहा छैन ।

पञ्चायतको त्यो कालरात्रिमा प्रजातन्त्रको 'प' पनि उच्चारण गर्दा खतराको महसुस हुने अवस्थामा उनले कालो झन्डा बोकेर प्रजातन्त्र चाहियो भनेकी थिइन् । प्रजातन्त्रमा 'हिस्स बूढी हरिया दाँत' भएँ- बत्ती कातेर दिनचर्या बिताइरहेकी लीलादेवी भन्नुहुन्छ- जुन जोगी आए पनि कानै चिरेको, प्रजातन्त्रका लागि ज्यान अर्पेकाहरूले कमाऊ-खाऊ अरूको के मतलब भन्नेतिर लागे ।

अहिलेको अवस्था आउला भनेर मैले कल्पना पनि गरेकी थिइनँ- उहाँले भन्नुभयो- जनता दुब्लोको दुब्लै हुँदैछन्, नेताहरूको मुहारमा भने लाली छाएको छ, हृष्टपुष्ट देखिन्छन् ।

त्यसैले होला उहाँलाई महिला हकहितका लागि दिइने नारा र बन्ने आयोगले के गर्छ भन्ने कुनै माने राख्दैन । नारा दिएर आयोग मात्र बनाएर के गर्नु, व्यवहारमा शहीद र प्रजातन्त्रवादीको सपना साकार नभएपछि ७८ वर्षीया उहाँ भन्नुहुन्छ- आँसु त्यसै झर्दैन बाबु, ज्यानको प्रवाह नगर्ने हाम्रो सपना समुन्नत प्रजातन्त्रलाई निमोठेको देख्दा छोराछोरीको घाँटी थिचेर मार्न थालेकोजस्तो लाग्छ ।

यो चित्कार गुम्साइरहेका छन्- बहुसंख्यक लीलादेवीहरू । जसले प्रजातन्त्रका लागि ज्यानको बाजी राखेर नारा मात्र लगाएनन् बन्दुक बोक्न पनि पछि परेनन् ।

चाहे त्यो २००७ सालको राणाविरोधी गतिविधि होस् या २०१७ सालमा प्रजातन्त्रको हत्या गरेपछिको समयमा होस् अनि २०४६ सालको जनआन्दोलनमा सहभागिता देखाएर नै किन नहोस् कमै महिलाहरू मात्रै नेतृत्व तहमा पुग्न सकेका छन् । राज्यले प्रजातन्त्रका लागि लड्नेहरूको न त खोजी गरेको छ न महत्व नै दिएको छ ।

२००७ सालको परिवेशकै कुरा हो- गीत गाएर प्रजातन्त्रको बिगुल फुक्ने रानुदेवी अधिकारीलाई राज्यले पूर्णतया बेवास्ता गरेको छ । त्यसबेलाको परिवेश र समाजमा आइमाईले गीत गाएर हिंड्दा समाजले राम्रो दृष्टिकोणले नहेरे पनि उनमा रहेको प्रजातन्त्रप्रतिको चाहनाले समाजको छीःछीः र दुरदुरले पनि उनलाई छेक्न सकेन । 'वीर नेपाली हिंड, अब क्रान्तिको ज्याला बोकेर..' जस्ता गीत गाएर उनले आमनेपालीलाई प्रजातन्त्रप्रतिको चाहनामा वृद्धि गराइन् ।

अहिले उनी कहाँ छिन् ? के गर्दैछिन् ? कमैलाई थाहा होला । शिक्षक पेसाबाट अवकाश पाएपछि उनको दिनचर्या त्यत्तिकै बितेको छ । उनलाई देख्नेहरू भन्छन्- राज्यले योगदानअनुसार सम्मान गर्न सकेन ।

शान्ति मास्केकै कुरा गरौं, राणाशासनको विरुद्धमा लागेर उनले राष्ट्रलाई ठूलो गुण लगाएको कमैलाई सम्झना छ ।

उनलाई एक प्रजातन्त्रवादीभन्दा पनि एक कलाकारको रूपमा चिन्दछन् र चिनाइन्छ अहिले । आखिर किन प्रजातन्त्रप्रति उहाँको यत्रो ठूलो भूमिकालाई खुम्च्याएर एक कलाकारमा सीमित बनाइयो ? जवाफ शायद भावी पुस्ताले खोज्ने नै छ ।

प्रजातन्त्रको लडाइँमा आफूलाई अर्पेर अहिले गुमनामको अवस्थामा पुगेका पहिलो पुस्ता मात्र होइन शहीद परिवार र आन्दोलनमा होमिनेहरू प्रजातन्त्रको वर्तमान शैलीमा नेतृत्व हाँक्नेहरूको क्रियाकलापबाट कमै सन्तुष्ट भएको पाइन्छ ।

गंगादेवी (उहाँकै आग्रहमा नाम परिवर्तन) का छोरा पूर्वको कुनै ठाउँमा २०४६ सालको जनआन्दोलनमा सुरक्षाकर्मीको गोलीबाट मारिए । उहाँको छोरो सखारै घरबाट निस्केर नयाँ बिहानी ल्याउन हिंडे आमा, भनेर गएको थियो ।

गोली लागेर मरेको खबर पाउँदा आमाको मन न हो दुःख त भयो नै तर छोराले प्रजातन्त्रको लडाइँमा वीरगति प्राप्त गर्‍यो भनेर विरहको आँसु सकि-नसकी थामेकी थिइन् उनले ।

'तर मेरो छोराले त केही व्यक्तिका लागि आफ्नो ज्यान दिएजस्तो लाग्न थालेको छ अहिले' उहाँका आँखा रसाए । त्यसपछि उहाँको मुखबाट शब्द निस्कन सकेनन् । केहीबेरपछि भन्नुभयो- देश बनाउने सोच नै आएन, आफैं खाऊँ आफैं लाऊँ भन्नेतिर नै सबै रमाए ।

'...होइन नयाँ बिहानी आएन, पटक्कै आएन, केही व्यक्तिविशेषका लागि मात्र आयो होला' उहाँले भन्नुभयो- महिलाको योगदानलाई त राज्यले सुनेको-नसुन्यैजस्तो गरेर उडाइरहेको छ ।

प्रजातन्त्रको लडाइँमा स्वच्छ मनले लाग्ने महिलाहरू कहिले पनि ज्यूहजुरमा लागेनन् । यस्तै एक उदाहरण बनेकी लीलादेवी भन्नुहुन्छ- वृद्धभत्ता लिन जाँदा समयमा पाइन्न भने मेरा सन्तानहरूलाई यो काम लगाइदेऊ मलाई यो गर भनेर कुन मुख लिएर भन्न जाने ?

प्रजातन्त्रको लडाइँमा होमिएका महिला योद्धाहरू खोजेमा प्रशस्त भेटिन्छन् । नयाँ पुस्तामा २०४६ सालको आन्दोलनमा होमिएका महिलाहरूमा पनि पर्याप्त उत्साह देखिएको पाइँदैन । ०४६ सालको आन्दोलनमा ब्यानर बोकेर 'प्रजातन्त्र जिन्दावाद' को नारा घन्काउने रमा शर्माको भनाइले पनि सम्पूर्णताको नेतृत्व गर्छ ।

कति उत्साहले बोकिएको थियो प्रजातन्त्र प्राप्तिको झन्डा उनी भन्छिन्- तर खोई त्यो उत्साह ? मात्र १२ वर्षमा नैराश्यतामा परिणत होला भन्ने कसैले सोचेका थिएनन् । त्यसैले होला, अहिले महिलाहरू कुनै पनि आन्दोलनको नेतृत्व गर्दा दीर्घकालीन लक्ष्य हेरेर गर्न थालेका छन् । किनकि आज पनि प्रजातन्त्रको लडाइँमा होमिएका अधिकांश शहीदपत्नीहरू राज्यको सहयोगबाट टाढा छन्... धेरै टाढा... ।

*ततत*

*संचारिका लेखमाला/संचारिका समूह*

**भान्सादेखि व्यवसायसम्म सफल कुञ्जनाहरू**

**– निर्मला शर्मा**

थानकोटकी ५६ वर्षीया कुञ्जना मिश्रको जाँगर र सीप देखेर खाने मुखलाई जुँगाले छेक्दैन भन्ने नेपाली उखान चरितार्थ भएको महसुस हुन्छ । चारवटा नातिनातिनाकी हजुरआमा भइसकेकी मिश्रलाई एकैछिन पनि हात खाली राख्न मन लाग्दैन । हुने बिरुवाको चिल्लो पात भनेजस्तै कुञ्जना मिश्रलाई सानैदेखि आफैले काम गरेर आफ्नै नामले चिनिने रहर । तर रहर गरेर मात्रै पनि त पुग्दैन नि । त्यसलाई व्यवहारमा उतार्न आफूमा कटिबद्धता पनि चाहिन्छ होइन र ? कुञ्जना मिश्र प्रश्न गर्छिन् । कलिलै उमेरमा विवाहबन्धनमा बाँधिएकी मिश्रलाई व्यवसाय र घर व्यवहारसँगसँगै लैजान त्यति सजिलो थिएन तर काम गर्ने इच्छा भयो भने सबै जिम्मेवारीलाई सँगसँगै लैजान सकिन्छ भन्ने उनको ठहर छ । १८ वर्ष बैंकको जागिरबाट स्वेच्छिक राजीनामा दिएर आफ्नै उद्योग सुरु गरेकी कुञ्ज आर्टिस्टिक बिड क्राफ्टकी प्रोप्राइटर कुञ्जना मिश्रलाई घर र उद्योगमा कामको तारतम्य मिलाउन एकदमै कठिन छ । थानकोटबाट कालिमाटीस्थित आफ्नो उद्योग आउनका लागि उनले बिहानै चार बजे उठेर घरको सबै जिम्मेवारी पूरा गरिसक्नुपर्छ । त्यति मात्र होइन, दिउँसो उद्योगमा आइसकेपछि पनि स्कुलबाट फर्कने आफ्ना दुईवटा नातिनातिनाहरूको हेरचाह पनि उनी त्यही पसलमा बसेर गर्छिन् ।

उता हजुरआमा बनेर नातिनातिनालाई दिने मायादेखि विदेशीका लागि नेपाली पोतेका डिजाइन तयार गर्न उत्तिकै क्रियाशील हुन्छन् उनका ती सिल्पी हातहरू। ६० वसन्त पार गरिसक्ने त्यो उमेरमा पनि कुन्जनालाई आफ्नो व्यवसायबाट छुटकारा लिने चाहना त होइन बरु उल्टो सरकारी सेवाबाट रिटायर आफ्ना पति र छोरी कुन्नमलाई समेत सहयोगीको रूपमा राखेकी छन् उनले। आफ्ना छोरीहरूकै उमेरका करिब एक सयजति महिलाहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रोजगारी दिन पाएकोमा कुन्जनालाई थकाई होइन बरु अझ बढी काम गर्ने उत्साह थपिएको छ।

कुन्जना जस्तै अर्की महिला उद्यमी रेखा अर्यालले पनि काम गऱ्यो भने उद्योगको क्षेत्रमा महिला र षुरुष भन्ने नहुने अनुभव संगालेकी छन्। ४० वसन्त पार गरिसकेकी रेखालाई महिलाहरूलाई व्यापार गर्न समय नै मिल्दैन भन्ने कुरामा कत्तिपनि विश्वास छैन। हाल शशिज स्वीटर इन्डष्ट्रिजकी प्रोप्राइटर रेखा अर्याल भन्छिन्- त्यतिबेला सरकारी जागिर खाएकी भए म एकजनाले मात्र रोजगारी पाउने थिएँ तर अहिले १५/२० जनालाई नियमित रूपमा रोजगारी दिन सकेकी छु। हाल एक छोरा र लोग्ने मात्रको सानो परिवारमा रेखालाई उद्योग चलाउन त त्यति गाह्रो भएको छैन। तर आजभन्दा १५ वर्षअघि रेखालाई छोरा र सगोलको परिवारका सदस्यको चित्त बुझाएर व्यवसाय चलाउनु त्यति सजिलो थिएन। तर काम गर्ने इच्छा भएपछि पुग्दोरहेछ । म राति उठेर परिवारका सबै सदस्यहरूका लागि खाना तयार गरीकन बच्चालाई स्कुल पठाउने काम सिध्याएर भए पनि मेरो उद्योगमा आउने सबै अर्डरहरू जसरी पनि समयमै तयार गर्थें। घरमा नै उद्योग राख्दा मलाई समयको तारतम्य मिलाउन एकदमै सजिलो भएको छ- उनी भन्छिन्। आजभोलि त परिवारका सदस्यहरू पनि अलि सहयोगी भएको महसुस मैले गरेकी छु । मेरो श्रीमान् राष्ट्र बैंकमा काम गर्नुहुन्छ तर पनि बाँकी रहेको समय मेरो उद्योगलाई नै दिनुहुन्छ। रेखाको अनुभवमा महिलाहरूले आर्थिक रूपमा सबल हुने काम गरे भने परिवारले पनि उनीहरूलाई सघाउछन परिवारको सहयोग र मेरो आफ्नो प्रतिबद्धता नभएको भए १० हजारबाट सुरु गरेको उद्योगमा १५ लाखको चालु पुँजी कसरी हुन्थ्यो र ? रेखा प्रश्न गर्छिन्।

अहिले त जमाना पनि अलि परिवर्तन भइसक्यो। भान्सामा छिटो पाक्ने र लामो समयसम्म राख्दा पनि नडढ्ने अत्याधुनिक किसिमका भाँडाहरू आइसकेका छन् जसले गर्दा कामकाजी महिलाहरूको समय पनि बचत भएको छ। म पनि सकेसम्म त्यस्तै भाँडा प्रयोग गर्छु जसले गर्दा मैले भान्सामा दिने समय उद्योगलाई दिन पाएकी छु। ५५ वर्षीया सुलोचना शाह श्रेष्ठ पनि कार्पेट इण्ड्ष्टिजकी प्रबन्ध-निर्देशक हुन्। एम. ए. सम्मको पढाइ पूरा गरेकी शाहलाई तीनवर्षे रोनाष्टको जागिरेजीवनले आत्मसन्तुष्टि दिन नसकेपछि उनी आफ्नै सक्रियतामा कार्पेट इण्डष्ट्रिज खोल्न पुगेकी हुन्। दुईवटा छोराले कम्प्युटर इन्जिनियरिङको पढाइ पूरा गरिसकेपछि त आफूलाई यस व्यवसायमा झनै सहयोग पुगेको उनी बताउँछिन्। उनका पति रोनाष्टका पूर्वसदस्य ऋषि शाहले उनको व्यवसायमा गरेको सहयोग उनको सफलताको अर्को कारण हो। नेपालमा उत्पादित हस्तकलाका सामानहरू विदेशमा निर्यात गर्ने काम पनि गर्दै आएकी सुलोचना महिलालाई व्यवसाय चलाउन सबैभन्दा पहिला आफ्नै कटिबद्धता चाहिन्छ त्यसपछि मात्र परिवारको सहयोग हो भन्छिन्। शाह परिवारसँग वैवाहिक सम्बन्ध गाँसेकी सुलोचना सुरुमा आफूलाई उक्त पेशा अंगाल्न परिवारबाटै अप्ठ्यारो भएको थियो। तर अहिले सबै परिवारहरू मैले कमाएको नाम र प्रतिष्ठा देखेर नै दंग छन्। अब उनीहरू उही पुरानै खालको भोजभतेरमा जाने र घरकै भौतिक सुविधा मात्र उपयोग गर्ने खालको बुहारी होइन एक सक्षम उद्यमी बुहारीको रहर गर्न थालिसकेका छन्- सुलोचना भन्छिन्।

त्यस्तै अनुभव संगालेकी छिन् काठमाडौंकी सरिता तुलाधरले पनि। विवाह गर्नुभन्दा अघि नै आफ्नै व्यवसाय सुरु गरेकी सरिताले घरपरिवार र उनकी ६ वर्षीया छोरीलाई एक्लो भएको महसुस गर्न दिएकी छैनन्। सोनिगा डिजाइन एण्ड बुटिककी डिजाइनर एण्ड प्रोप्राइटर सरिता बेलुका छोरीको स्कुल सकिएपछि पसलमा नै राखेर पढाउँछिन्। पसलमा ग्राहक नआएको समय निकालेर भएपनि मैले छोरीलाई हेर्न त भ्याएकै छु नि। उनी राति नै घरमा र पसलमा गर्ने भोलिपल्टको कामको लिस्टिङ गरेर राख्छिन्। बिहान र बेलुका घरको काम सघाउन आउनेलाई पनि म कामको लिस्टिङ गरिदिन्छु। समयलाई बुझेर रुटिङ बनाएर नियमित रूपमा काम गऱ्यो भने नसक्ने काम केही पनि छैनजस्तो लाग्छ मलाई त- सरिता भन्छिन्।

समष्टि ह्यान्डीक्राफ्ट महाबौद्धकी प्रोप्राइटर मल्लिका श्रेष्ठ, अन्नपूर्ण ह्यान्डमेड पेपर क्राफ्टकी मालिक दिव्यतारा तुलाधर र ओमेन्स् क्रियसनकी प्रोप्राइटर अनिता श्रेष्ठले पनि घर र व्यवसाय सँगसँगै लैजान समयको तारतम्य मिलाएर नै सफल उद्यमी बनेका हुन्। सुलोचना र दिव्यताराले समयको सदुपयोग गर्न घरमा नै उद्योग राखेका छन् जसले गर्दा उद्योगदेखि घरसम्म आउने समयको बचत भएको छ। त्यसैगरी मल्लिकाले पनि ग्राहकबाट कुनै पनि बेला अर्डर आउने हुँदा राति अबेर गरेर हिंड्दा पनि अप्ठ्यारो नपर्ने गरी घर नजिकै आफ्नो उद्योग राखेको बताउँछिन्। तर अनिता श्रेष्ठले भने छोरीछोरीको स्कुल छुट्टी हुने समयमा घरमा पुगेरै भएपनि बेलुकाको समय पसललाई दिन भ्याएकी छिन् । दिउँसो आधा घण्टा बच्चाहरूलाई खाजा खुवाउन म घर जान्छु, मेरो लोग्ने अफिसबाट आएपछि मात्र म अबेरसम्म उद्योगमा बस्न पाउँछु- उनी भन्छिन्।

महिलाहरूलाई कुनै पनि क्षेत्रमा काम गर्न समयकै कारण केही न केही अप्ठ्यारो हुने गरेको छ तर उद्योग-व्यवसाय चलाएर बस्न त अन्य क्षेत्रमा भन्दा बढी नै समयको आवश्यकता पर्दछ। रात-बिहानको प्रवाह नहुने यो क्षेत्रमा महिलाहरूको उत्साहलाई परिवार र समाजबाटै प्रोत्साहनको खाँचो छ। घर र व्यवसायलाई सँगसँगै लैजाँदा त महिलाहरू यो क्षेत्रमा सफल भएका छन् भने अन्य घरायसी झन्झट नहुने हो भने उनीहरूले कति गर्न सक्थे होला ? यसबारे सबैले सोच्नु आवश्यक छ।

*ततत*

*संचारिका लेखमाला/संचारिका समूह*

**विस्तारै लोप हुँदैछ छाउपडी प्रथा**

**– नरेन्द्रकुमार साउद**

साथी-संगिनीसँगै लुकिछिपी खेल्दै गरेको अवस्थामा सरस्वती ओडले एकैपटक शरीरबाट रगत बगेको थाहा पाउँछिन्। रजस्वलाबारे अज्ञात रहेकी सरस्वतीले अत्तालिँदै आमालाई बताउँछिन्। आमाले सरस्वतीलाई सम्झाउनु-बुझाउनुको सट्टा घरनजिक नआउन भन्छिन्। आमाको न्यानो काखमा खेल्दै, हुर्कंदै गरेकी सरस्वतीलाई आमाको यस्तो व्यवहारबाट ठूलो चोट पर्छ।

त्यसपछि सरस्वतीलाई घरभन्दा नजिकको सानो गोठमा एक्लै बस्न र सुत्न बाध्य तुल्याइन्छ। एक्लै गोठमा बस्दा जंगली जनावर र भूतप्रेतको डरले सुत्न नसकेको र ती दिनहरू कुनै अपराधीले झैं भोग्नुपरेको थियो- पहिलोपटक रजस्वला हुँदा भोग्नुपरेको तितो अनुभव सरस्वती बताउँछिन्।

सुन्दा अचम्म लाग्ने यो घटना कुनै काल्पनिक कथाको होइन। सामाजिक चेतना र विकासको अभावमा सरस्वतीजस्तै हरेक अछामी महिलाहरू एक्काइसौं शताब्दीमा पनि छाउपडी प्रथाबाट पीडित देखिन्छन्। राजधानीदेखि निकै टाढा रहेको सुदूरपश्चिमको विकट पहाडी जिल्ला अछाममा महिलाहरूलाई रजस्वला हुँदा स्थानीय भाषिकामा छाउपडीको संज्ञा दिई अछुत र घृणित दुर्व्यवहार गरिन्छ।

राजनीतिक, सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएको सुदूरपश्चिमको अछाम जिल्ला यद्यापि परम्परागत शैली र संस्कारमै अल्मिलिएको छ। शैक्षिक वातावरणले यहाँको जनजीवनमा रूढीवाढी कुसंस्कारविरुद्ध भूमिका खेल्न सकेको छैन। परम्परागत धार्मिक अन्धविश्वासका कारण यहाँका महिलाहरू छाउपडी प्रथाको घृणित लाचार व्यवहारको प्रत्यक्ष शिकार भइरहेका छन्।

महिलाहरू रजस्वला भएको बेला घरमा बसे देवीदेवता रिसाउँछन्। घर अनि समाजमा अनिष्ट आइपर्छ भन्ने सामाजिक अन्धविश्वासले यहाँका बासिन्दामा नकारात्मक छाप पारेको छ। कुनै कारणवश गाईवस्तु बाघले खाएमा, घर वा धनसम्पत्ति नासिएमा, कोही बिरामी भएमा छाउपडी महिलाले घर वा मन्दिरमा छोएका कारणले नै दैवी आपत्ति आइपरेको विश्वास गरिन्छ। यस्तो खाले अपत्यारिलो जनविश्वासका कारण महिलाहरूलाई अपमानजनक व्यवहार गरिन्छ।

गाई, भैंसीको दूध, दही खान दिएमा वस्तुभाउ नै बाँझो हुन्छ भन्ने जनविश्वासका कारण छाउपडी महिलाहरूलाई पौष्टिक खाना खान दिन बन्देज गरिन्छ। उनीहरूलाई घरपरिवारका अन्य सदस्यले छुनसम्म दिइँदैन।

महिलाहरू रजस्वला भएका बेला पुरुषहरूले छुनुसम्म हुँदैन भन्ने सामाजिक प्रचलनका कारण कतिपय बिरामी परेका छाउपडी महिलाहरू उचित रेखदेख र स्याहारसुसार नपाई अकालमा ज्यान गुमाउन बाध्य हुन्छन्।

रजस्वला भएका महिलाहरूलाई राख्ने गरिएका गोष्ठहरू बनोटको दृष्टिकोणले अति साना र जीर्ण अवस्थाका हुन्छन्। सुत्न, बस्न अप्ठ्याराका साथै उभिन र दायाँबायाँ फर्किन पनि नमिल्ने साँघुरा यी गोठहरूमा महिलाहरू सात दिनसम्म बन्दीगृहमा जस्तै बसिरहेका हुन्छन्। छाउपडी गोठहरू फोहोर हुने भएकाले स्वास्थ्यको दृष्टिकोणले हानिकारक मानिन्छन्।

घरदेखि पर एकान्त ठाउँमा निर्माण गरिने यी गोठहरू महिलाको लागि असुरक्षित हुने गर्दछन्। कतिपय अवस्थामा खराब आचरण बोकेका यौनपिपासुबाट छाउपडी महिलाहरू बलात्कार हुने गरेका घटना घटिरहेका हुन्छन् भने अर्कोतर्फ सर्प, बिच्छीजस्ता विषालु कीराफट्याङ्ग्राबाट पीडितका साथै जंगली जनावर बाघ, भालुको समेत शिकार हुने गर्दछन्।

स्थानीय सरस्वती माविमा अध्ययरत छात्रा कल्पना खड्का पहिलोपटक रजस्वला हुँदा घरमै लुकेर बसेको र त्यसबाट घरपरिवारमा कुनै असर देखा नपरेको दाबी गर्छिन्। समाज र घरपरिवारबाट यस्तो समयमा सुझाव र सल्लाह दिनुको साटो अपहेलित व्यवहारका कारण सबैको सामु लाजले मुख छोपेर बस्नुपर्ने भएकाले महिलाहरूले मानसिक असर सहनुपर्ने बाध्यता

रहेको उनी बताउँछिन् । छाउपडी प्रथा अन्धविश्वास मात्र हो भन्दै यसको निराकरणका लागि समाजका सचेत हरेक वर्ग जाग्नुपर्ने उनी बताउँछिन् ।

पहिलोपटक रजस्वला हुँदा शारीरिक रूपमा देखापर्ने समस्याहरू अछामी महिलाहरू लुकाएरै बस्ने गर्दछन् । पाठेघर खस्नेलगायत प्रजाननसम्बन्धी समस्या अछामी महिलाहरूमा धेरै भेटिनुको पछाडि छुई प्रथा प्रमुख जिम्मेवार छ । आमासँगै नाबालक बच्चा पनि यस्ता गोठमा बस्नुपर्ने बाध्यताले निमोनिया, झाडापखाला र हैजाजस्ता रोगबाट बच्चाहरू पीडित हुने गर्दछन् ।

महिलाहरूलाई रजस्वला भएको बेला पौष्टिक खानेकुरा प्रशस्त खान दिनुपर्ने तथा सरसफाइमा जोड दिनुपर्ने विशेषज्ञहरूको राय छ । तर अछाम जिल्लामा महिलाहरूलाई यस्तो समयमा गरिने घृणित तथा हास्यास्पद व्यवहारले एक्काइसौं शताब्दीको विज्ञानको चमत्कारपूर्ण युगलाई नै चुनौती दिइरहेको छ भन्दा अत्युक्ति नहोला ।

महिलाहरूको स्वास्थ्यलाई मुख्य नजर गरी जिल्लाका केही गाउँमा अछाम रेडक्रसले सुविधामूलक छाउपडी घरको निर्माण गरेको छ । यसबाट छाउपडी प्रथालाई प्रोत्साहन नभई महिला तथा दूधे बालबालिकाको कमजोर स्वास्थ्य र सुविधालाई ध्यान दिइएको अछाम रेडक्रसले जनाएको छ ।

नुहाउनलाई धारा, सुत्नलाई खटिया र प्रजातन्त्र प्रकाशको व्यवस्था भएको यस्ता घरमा महिलाहरू खुशीसाथ मिलेर बस्ने गरेको मंगलसेन गाउँ निवासी भगवती ढुंगाना बताउनुहुन्छ ।

महिला विकास शाखा अछामका कार्यकर्ता आशा शाही भन्नुहुन्छ- परम्परागत रूपमा चल्दै आएको छाउपडी प्रथा हटाउन समाज नै चेतनशील बन्नुपर्ने आवश्यकता छ । शाहीका अनुसार युवा पिंढीका महिलाहरू परिवर्तनतिर उन्मुख भइरहेका छन् ।

बनोटको दृष्टिकोणले अति नाजुक, आगोको मधुर उज्यालोको सहारामा खुल्ला बन्दीगृहमा जस्तै गरी सुत्नुपर्ने कष्टकर दिनहरूका विरुद्ध त्यस जिल्लाका दक्षिणी भेगका महिलाहरूले केही परिवर्तन गर्न सुरु गरेका छन् । जिल्लाका नाडा, तुर्माखाँद, भैरवस्थान, तोषी, रानीवनलगायतका गाविसका महिलाहरू महिनावारी भएको बेला घरमा नै बस्न थालेका छन् । सुरुमा उक्त काम चुनौतीपूर्ण लागेमा पनि अहिले कुनै किसिमको असर देखा नपरेको उनीहरूको दाबी छ । यस्तो कार्यबाट छेउछाउका अन्य महिला पनि प्रेरित हुँदै गएको उनीहरू बताउँछन् ।

छाउपडी प्रथा अछाम जिल्लामा मात्र नभई सुदूरपश्चिमका नौवटै जिल्लामा अहिले पनि विद्यमान छ । सामाजिक कुसंस्कार छाउपडी प्रथा जस्तै महिलाहरू सुत्केरी हुँदासमेत यस्तै गोठमा बस्नुपर्ने बाध्यताका विरुद्ध समाजका सचेत तथा सरोकारवाला सबै पक्ष जागरुक हुनुपर्ने आवश्यकता टड्कारो रूपमा देखिएको छ ।

*ततत*

*संचारिका लेखमाला/संचारिका समूह*

**जिन्दगी ठूलो कि इज्जत ?**

**– बबिता बस्नेत**

उनले मास्टर्स गरेकी छिन् अर्थशास्त्रमा । राजधानीस्थित एउटा प्रसिद्ध बैंकमा कार्यरत, एक छोरीकी आमा । घरबाट अफिस आउँदा त ठीकै छ तर अफिसबाट घर पुग्ने बेलामा सधैं एक प्रकारको त्रास फैलिरहन्छ मनमा, भरे के हुने हो, लोग्नेले के भन्ने हो, अरू मान्छेले पो सुन्ने हुन् कि ? भित्रभित्रैको उनको यो मौनचिच्याहटले एक दिन भयानक रूप लियो । उनले आत्महत्याको कोसिस गरिन् । तर परिवारकै एक सदस्यले थाहा पाएर बचाए । गाली खाने, धम्की सहने र विभिन्न आरोप-प्रत्यारोपहरू लगाउनेसम्म त ठीकै थियो तर जब लोग्नेले मध्यरातमा उनीमाथि हात छोड्यो त्यसपछि उनले त्यो प्रयास गरेकी थिइन् । तर यो कुरा बाहिर ल्याइएन, कसैले थाहा पाउलान् कि भनेर निकै सशंकित हुँदै भित्रभित्रै दबाइयो । हामीकहाँ यस्ता कैयन स्वास्नीमान्छेहरू छन् जो घरेलु हिंसाका विरुद्धमा बोल्छन्, लेख्छन्, काम गर्छन् पारिवारिक झैझगडा सहेर बस्न हुँदैन भन्छन्- तर आफैं भने चुपचाप सहेर बसेका छन् । आफ्नो इज्जतका खातिर, छोराछोरीको भविष्यका लागि र आफ्नो मिसनमा कुनै दाग नलागोस् भनेर ।

एउटा गैरसरकारी संस्थामा कार्यरत मीनु (नाम परिवर्तन) ले धेरै भयो महिलाको पक्षमा वकालत गरेको । उनकै छहारी पाएर धेरैले न्याय पाए, जीवन पाए तर उनले आफ्नो लागि भने कहिल्यै न्याय पाउन सकिनन् न त उनले दिलाउने कोसिस नै गरिन् । धेरै महिलाहरूलाई उनले सम्झाएकी छन्- हेर्नुस् जिन्दगी तपाईंको पनि छ । लोग्नेको इज्जत, आफ्नो आत्मसम्मान, माइतीको नाम या छोराछोरीको भविष्य भनेर तपाईं यस्तो अन्याय सहेर नबस्नुस् । आफ्नो अस्तित्व खोज्नुस्, समाजको पछि लाग्दै नलाग्नोस् । यो समाजले त फलानी के गरेर हिंडेकी छे, के लगाएकी छ, उसको कत्तिको शान छ त्यस्ता कुराहरूको मात्र मतलब गर्छ । उसले कसरी आफूलाई डोऱ्याइरहेकी छ, ऊमाथि के गुज्रिरहेको छ त्यस्ता कुराहरूका बारेमा समाजलाई कुनै मतलब छैन । तपाईं हुनुहुन्छ त्यसैले समाज छ, तसर्थ तपाईं आफ्नो बारेमा सोच्नुस् । तर उनले आफ्नो बारेमा कहिल्यै सोचिनन् । घर र अफिस दुबैतिरको कामको बोझ त मिनुलाई छँदैछ त्यसमाथि लोग्नेको वचन, आरोप प्रत्यारोप र पिटाइले उनको जिन्दगीलाई बाँचिनसक्नु बनाएको छ । तर उनले आफ्नो कुरा भने कहिल्यै बाहिर ल्याउन चाहिनन् । पढेलेखेका महिलाहरू जो व्यावसायिक पनि छन् त्यस्ता महिलाहरू प्रायः अन्याय सहेरै बस्छन्, आफ्नो क्यारियरका लागि, सामाजिक प्रतिष्ठाका निम्ति । 'म मेरो व्यक्तिगत जीवन सडकमा आओस् भन्ने चाहन्न, म अदालत गएँ भने ममाथि अनेक प्रश्नहरू गरिने छन् र भोलिदेखि सडकमा मेरो चर्चा हुनेछ', मीनु भन्छिन् ।

घरेलु हिंसाको बारेमा विगत दस वर्षयता नेपालमा निकै चर्चा भएको छ । लोग्नेको पिटाइ खानुलाई जिन्दगीको स्थायी पीडा ठानेर बाँचिरहेकाहरूले विभिन्न संघसंस्थाहरूमार्फत् न्याय पाएका छन् । नेपालमा पनि त्यस्ता धेरै संस्था छन् जो घरायसी हिंसाविरुद्ध काम गर्छन् । 'साथी' संस्था यो विषयमा भनौं या यसका निम्ति मात्रै काम गर्ने भनेर आफ्नो कार्यक्षेत्र तोकी खुलेको पहिलो संस्था हो । तर हिजोआज अन्य धेरै गैरसरकारी संस्थाहरू पनि यो विषयमा कार्यरत छन् । अन्तर्राष्ट्रियस्तरमा कार्यरत संघ/संस्थाहरूले पनि नेपालमा यसलाई आफ्नो एउटा कार्यक्षेत्र बनाएका छन् । संयुक्त राष्ट्रसंघीय महिला विकास कोष ( युनिफेम) ले विभिन्न सघ/संस्थाहरूमार्फत् यो विषयमा कार्य गरिरहेको छ । विशेष गरी नोभेम्बर २५ लाई अन्तर्राष्ट्रिय महिला हिंसाविरुद्धको दिवसको घोषणा गरिएको सन्दर्भमा यसलाई विश्वव्यापी बनाउन युनिफेमको ठूलो योगदान रहेको छ । युनिफेमकै सहयोगमा नेपालमा पनि 'साथी' ले नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म महिलामाथिको हुने हिंसाविरुद्ध १६ दिने अभियान सञ्चालन गर्ने गरेको छ । त्यसैगरी यूएनडीपी, एमजीईपी, युनिसेफ, यूएनएफपीएजस्ता संयुक्त राष्ट्रसंघीय संस्थाहरू पनि यो विषयमा कार्यरत छन् । महिला मन्त्रालयको स्थापनापछि मन्त्रालयमार्फत् पनि घरेलु हिंसाविरुद्ध विभिन्न कार्यक्रमहरू अगाडि सारिएको छ । महिला तथा समाज कल्याण मन्त्रालयले केन्द्रीय महिला कानुनी सहायता समिति गठन गरी हिंसामा परेका महिलाहरूलाई परामर्श दिने तथा न्याय दिलाउने कार्य गर्दै आइरहेको छ । साथै कानुनी सहयोग तथा परामर्श केन्द्र, साथीजस्ता संस्थाहरूले महिला हेल्प लाइनहरू पनि खोलेका छन् । महिला मन्त्रालयको कानुनी सहायता समितिसँग सम्बद्ध अधिवक्ता इन्दु तुलाधर निम्न वर्गीय या मध्यम स्तरीय महिलाहरूका समस्याहरूभन्दा शिक्षित तथा उच्च वर्गका महिलाका समस्या बढी जटिल हुने गरेको बताउँछिन् । उनी भन्छिन्- 'शिक्षित महिलाहरूमा संवेदनशीलता बढी हुन्छ, व्यावसायिक महिलाहरूलाई धेरैले चिन्ने हुनाले उनीहरू आफ्ना समस्या लिएर आउन चाहँदैनन् । कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) मा कार्यरत अधिवक्ता अनिता चापागाई आफ्ना कुरा बाहिर नल्याउने प्रवृत्तिले महिलाहरूलाई भित्रभित्रै कठोर बनाइरहेको बताउँछिन् । उनी भन्छिन्- एउट त्यस्तो केश थियो, लोग्नेचाहिं नातेदार, आफन्त, साथीभाइ सबैलाई स्वास्नीको कुरा गर्दै हिंड्ने, स्वास्नीचाहिं आफ्ना नजिकका साथीहरूलाई पनि केही नभन्ने । आफ्नै लोग्नेले बाहिर निस्कनै नसक्ने बनाइदिएपछि अन्ततः उनीहरूको सम्बन्धविच्छेद नै भयो । हिंसामा परेका धेरैजसो शिक्षित र व्यावसायिक महिलाहरू आफ्ना समस्या लिएर बाहिर देखा नपर्ने अनुभव अनिताको छ । उनी भन्छिन्- त्यस्ता महिलाहरू कानुनी प्रक्रिया बुझ्न चाहन्छन् तर मुख देखाउन त के नामसमेत भन्न चाहँदैनन्, त्यस्ता धेरै फोन कलहरू हामीकहाँ आउँछन् जसको बोलीचालीको भाषा उच्चस्तरीय छ र धेरै विषयमा उनीहरू जानकारी राख्छन् ।

यी भनाइहरूबाट के बुझिन्छ भने धेरै हिंसाका लागि कुनै भौगोलिक सीमितता छैन, शैक्षिक कुराले पनि फरक पार्दैन । यो त मानसिकताको कुरा हो, घरेलु हिंसाबाट कतिपय पुरुषहरू पनि पीडित छन् तर नगन्य मात्रामा । सानो मान्छेको सानो इज्जत र ठूलो मान्छेको ठूलो इज्जत मान्नेजस्तो समाजमा साना मान्छेहरूको कुटपिट सडकमै पनि आउन सक्छ, कसैले देखेर छुट्याउन पनि सक्छन्, उस्तै परे हस्पिटल या कानुनी उपचारस्थलसम पुऱ्याउन सक्छन् । तर त्यस्ता घटनाहरू जो कोठाको चुकुल राम्ररी लगाई पर्दाभित्र भइरहेका छन् ती सडकका भन्दा धेरै खतरनाक छन् । त्यस्ता घटनाहरूले धेरै महिलाहरूलाई जडवत बनाएको छ, कति पागलमा दरिएका छन् । कतिले आत्महत्या गरेका छन् । र, यो क्रमको अन्त्य गर्नका लागि घरको कुरा घरमै सीमित राख्न हुँदैन भन्नेहरूले आफूप्रतिको अन्यायलाई पनि बाहिर ल्याउन जरुरी छ । पढेलेखेका महिलाहरू जो व्यावसायिक छन् त्यस्ता धेरै महिलाहरू सकेसम्म आफ्नो व्यावसायिक जीवन र घरपरिवार एकैसाथ लैजान चाहन्छन् । आफू जतिसुकै पीडित भए पनि उनीहरूले आफ्नो कुरा बाहिर ल्याउन नचाहनुको एउटा कारण व्यावसायिक महिलाहरूको घरवार छिन्नभिन्न हुन्छ भन्ने मान्यता स्थापित हुने पो हो कि भन्ने पनि हो । हामीकहाँ राम्रो उदाहरणभन्दा नराम्रो उदाहरण जीवित रहने परिपाटीका कारण पनि महिलाहरू डराउँछन् । के घरवार धान्ने, घरपरिवारमा शान्ति कायम गर्ने दायित्व पुरुषको चाहिं होइन र ?

*ततत*

*संचारिका लेखमाला/संचारिका समूह*